नेपाल वायुसेवा

# प्रेस विज्ञप्ति

मिति : २०७९/१२/२३

नेपाल वायुसेवा निगमको आ.ए.२१७ काठमाडौं-दिल्ली २० मार्च २०२३ को उडानमा दिल्ली पुग्दा ब्यागेज फुटेको पाइएको विषयमा सामाजिक सञ्जालहरुमार्फत सम्बन्धित यात्रुले गर्नुभएको गुनासो सम्बन्धी छानविन गर्दा उपर्युक्त यात्रुको ब्यागेज सकुसल नै जहाजमा लोड गरिएको र दिल्ली पुग्दा फुटेको पाइएको व्यहोरा जानकारी गराउदछौं ।

यस सम्बन्धमा यदाकदा विभिन्न कारणले यस्तो अवस्था आउन सक्छ । जस्तै जहाजमा लोड गरिसकेपछि लोड गरिएकै अवस्थामा, जहाजको उडान भएको बेलामा हल्लिएर, लोड गरिएको ब्यागलाई अर्को ब्यागले थिचेको अवस्थामा, गन्तव्य स्टेसनमा अफलोडिङ्को समयमा वा अफलोडिङ् पछि कन्भेयर बेल्टमा समेत एक ब्यागमा अर्को ब्याग ठोकिएर वा ब्यागेज पुरानो भएर, कम गुणस्तरको Hard Cover bag हुँदा ब्यागेज टुट्ने फुट्ने अवस्था रहन्छ ।

ब्यागेज टुट्फुट् भएको अवस्थामा सम्बन्धित यात्रुले भरेको गुनासो फर्मको आधारमा तत्काल छानविन पश्चात नियमानुसारको उपयुक्त क्षतिपूर्ति दिइने गरिएको व्यहोरा अनुरोध गर्दछौं । यात्रु वर्गहरुलाई ब्यागेज टुट्फुट्को विवरण तत्कालै तोकिएको स्थान र कर्मचारीलाई सूचना दिनुहुन समेत अनुरोध छ ।

नेपाल वायुसेवा निगम यात्रु तथा ब्यागेजको सुरक्षाको लागि कटिबद्ध रहेको व्यहोरा अनुरोध गर्दै आगामी दिनमा यस्ता घटना न्यूनीकरण गर्दै शून्यमा पुर्‍याउने लक्ष्य रहेको जानकारीमा लागि अनुरोध छ ।

..........................

(रमेश पौडेल)
उप निर्देशक
प्रवक्ता

नेपाल वायुसेवा निगम संस्थागत विभाग

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं,नेपाल, फोन: ४२२०७५७ फ्याक्स : ०१-४२२५३४८
Email: general@nac.com.np,info@nac.com.np, Web: www.nepalairlines.com.np